कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ८० ने. सं. ११३३ सिल्लाथ्व तृतिया बुधवाः २०६९ फागुन २ गते बुधवार (Feb - 13, 2013) मुल्य : ५/– (न्यातका)

## सुलक्षण कीर्ति विहारले निर्माण गर्न लागेका भौतिक संरचनाको नक्शा पास विवाद

# अनिश्चितकाल नपा बन्द गर्ने चेतावनी

**कीर्तिपुर सन्देश/**

कीर्तिपुर नगरपालिका वडा नं. १७ सुन्दरीघाटस्थित सुलक्षण कीर्ति विहारले हस्पीटल, बृद्ध आश्रम र विहार बनाउनका लागि नक्शा पास गर्न कीर्तिपुर नगर पालिकामा प्रक्रिया सुरु गरेपछि फेरी एक पटक सो विहारको जग्गाको विषयमा सरोकारवालावीच तनाव बढ्ने अवस्था आएको छ।

विहारले निर्माण गर्न लागेको भौतिक संरचनाको सवालमा कीर्तिपुर नगरपालिका वडा नं. १७ ले गत माघ १८ गतेको मिति राखी सूचना मार्फत उक्त निर्माण कार्यवाट कोही कसैलाई पिर मार्का सन्धि सर्पन पर्छ भने १५ दिनभित्र निवेदन राख्न अनुरोध गरेपछि विभिन्न संघ संस्थाले आपत्ति जनाउदै वडा कार्यालयमा निवेदन दर्ता गरेका छन्।

## संघ संस्थावाट नक्शा पास रोक्न वडामा निवेदन
## रोक्ने हो भने अदालत जानुपर्छ : *वडा कार्यालय*

वडा कार्यालयमा सुन्दरीघाट चिहान संरक्षण समाज, कीर्तिपुर नगरपीलिका जनदवाव समाज, कपाली गुठी र भाजंगल नग्रीति गुठीले समेत सो कार्य रोक्नका लागि निवेदन दिएको थाहा भएको छ।

सुन्दरीघाट चिहान संरक्षण समाजले आफुहरुको सहमति विपरित नगर पालिकाले नक्शा पास गरेमा कीर्तिपुर नगरपालिका कार्यालय र वडा नं. १७ को कार्यालय अनिश्चितकालिन तालाबन्दीको चेतावनी सहितको पत्र वडा कार्यालयमा दर्ता गरेको छ।

२०६५ सालमा पनि सुन्दरीघाट चिहान संरक्षण समाजले सो जग्गाको विषयमा कीर्तिपुर नगरपालिका वडा नं. १७ मा तालाबन्दी गरेको र सो समयमा नगर पालिका, आन्दोलनकारी र विहारका प्रतिनिधिहरू वीच २०६५ साल माघ २० गते भएको वार्ताको क्रममा निर्णय नम्बर ३ मा 'उक्त विहारले भोगाधिकारभित्र बाहेक कुनैपनि क्षेत्र विस्तार नगर्ने र कुनै पनि तरिकावाट स्वामित्व थप भोगाधिकार प्राप्त भएता पनि सो जग्गामा कुनै भौतिक संरचना, उल्लेखित सम्पूर्ण पक्षहरूको स्वीकृति पश्चात मात्र गर्ने' भनी उल्लेख भएतापनि सो सहमतिलाई वेवास्ता गरेको भन्दै सुन्दरीघाट चिहान संरक्षण समाजको तर्फवाट सो चेतावनी सहितको निवेदन दर्ता गरिएको हो।

१७ वडा कार्यालयका सचिव विजय सुवेदीले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै दुई वटा संगठनले आफ्नो लेटर प्याडमा नै निवेदन दिएको र अन्यको पनि रहेको स्वीकार गर्नु भएको छ। उहाँले ती निवेदनहरू सहितको पत्र आउदो शुक्रवार सम्ममा वडा कार्यालयबाट नगर पालिकामा पठाउने बताउनु भएको छ। वडा सचिवले सुलक्षण कीर्ति विहारले मन्त्री परिषदको मिति २०६४/०९/०९को निर्णय अनुसार लालपूर्जा समेत लिइसकेको अवस्थामा सो कार्य रोक्ने हो भने सरोकारवालाहरू अदालत जानुपर्ने अन्यथा वडाबाट केहि गर्न नसकिने बताउनु भएको छ।

यसरी विभिन्न समयमा विवाद हुदै आएको सो विषयमा स्वयं कीर्तिपुर नगर पालिकालाई पनि एक ढंगबाट समस्याको विषय भएको छ। विहार, समाज र विभिन्न संघ संस्था र स्थानीयवासीसंग जोडिएको र समय समयमा आन्दोलन भइरहेको अवस्था साथै अब पनि तालाबन्दी गर्ने चेतावनि आइसकेको अवस्थामा अब नगरपालिकाले विहारले निर्माण गर्न लागेको भौतिक संरचनाको नक्शा पास प्रक्रियालाई कसरी लिने छ त्यो भने एक हप्ताभित्र नै स्पष्ट हुने अवस्था छ।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रग्सको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

लोड सेडिङ NO चिन्ता



इन्र्भटर




ब्याट्री

किस्ताबन्दीमा पनि उपलब्ध

होलसेल मूल्यमा



जेनेरेटर

दर्शन मोवि केयर प्रा. लि.

नयाँबजार, कीर्तिपुर, फोन : ४३३६७७६

किपू लक्ष्मी मोबाईल ट्रेडस

OPENING SOON ! ! !

नयाँबजार, बीच बजार कीर्तिपुर-३

फोन ९१४३३०२७१, ९८१८७८७८४२

# खोकनाको भिं प्याखँ हेरेपछि



ज्ञानवहादुर महर्जन नेवाः

नेपालको परम्परागत नेवाः सांस्कृतिक नाटक, नाटक विधामा अत्यन्त लोकप्रिय छ । आजको आधुनिक युगमा पनि परम्परागत दबली नाटक मञ्चन गर्नु सजिलो छैन । त्यसो भएता पनि काठमाडौंको राष्ट्रिय नाचघर को दबलीमा ऐतिहासिक नृत्य नाटिका भिं प्याखँ एकादशी ब्रत टिकट शोको रुपमा मञ्चन गर्न सफल भयो। दिनको १२.१५ देखि परम्परागत दाफा बजाएर शुभार म्भ गरेको नृत्य नाटिका ६ घण्टासम्म लगातार देखाइएको थियो। ललितपुर जिल्लाको खोकना मा रहेको श्री रुद्रायणी देपा दाफा खलः र म्हे नायो दाफा खलःको आयोजनामा लिधंसा पासा पुचःको सहयोगमा भिं प्याखँ नृत्य नाटिका २०६९ माघ २७ गते शनिवार प्रस्तुत गरिएको थियो ।

नेपालमण्डलमा नाटक विधा अन्तर्गत परम्परागत अनुसार लोप हुँदै गइरहेको अवस्थामा सार्वजनिक रुपमा नाटक मञ्चन गर्नु अहिलेको अवस्थामा अवस्य पनि सजिलो छैन । स्मरणरहोस पहिले पहिले देव देवीहरुको गं प्याखँ, भिं प्याखँ, खः प्याखँ अति लोकप्रिय थियो । जुन रातरातभर हेर्ने गरिन्थ्यो । तर आजकल यस्तो नाटक लोप हुँदै गइरहेको छ । यसै सन्दर्भमा यो भिं प्याखँ हेर्न पाएर साह्रै र माइलो लाग्यो। त्यसैले यो नाटक सिकाउने गुरु तथा कलाकारदेखि सहयोग गर्नुहुने सबैजनालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। करीव १५० जना कलाकार र संगितकर्मीहरुलाई आजकलको जमानामा पनि एकै ठाउँमा ल्याई युवा/युवती देखि बुढापाकाहरुलाई समेत नाटक सिकाउने/गाना सिकाउने भनेको ठूलो चुनौती र साहसिक कदम हो। आधुनिक र हन सहनमा हुर्केका युवापिढीलाई परम्परागत बाजाको तालमा नृत्य सिकाउनु सजिलो काम होइन । तैपनि यो नृत्यमा यो पक्षलाई चुनौति दिएर नयाँ पुस्तालाई समर्पित गर्न सफल भएको देखिन्छ । यो नृत्य सिकाउन तान्त्रिक पक्षका मूल गुरुद्वय देव वहादुर डंगोल र बाबुकाजी डंगोल हुनुहुन्छ । उहाँहरूको अथक प्रयासबाट तान्त्रिक विधि अनुरुप नेवाः पर म्परागत नेवाः बाजा मृदङ्ग(दाफा), पोङ्गा, नायखिं बाजालाई प्रयोगमा ल्याइएको छ । त्यसैको ताल र सुरमा नृत्य सिकाउनु हुने लक्ष्मीदास डंगोल हुनुहुन्छ । गाना गुरु काजीलाल महर्जन र बुद्धिवहादुर महर्जन हुनुहुन्छ भने व्यवस्थापन अकल मान डंगालले गर्नु भएको छ। करिव ४४ वर्षपछि ललितपुर को खोकनामा प्रस्तुत गरिएको यो नृत्य आजको समय सापेक्ष चार पाँच दिनको नृत्यलाई छोट्याएर एकदिनमा प्रस्तुत गर्न सक्नुलाई ठूलो उपलब्धि मान्न सकिन्छ । यस नृत्य नाटकको कथासार यस प्रकार छन । नृत्यको पहिलो चर णमा बैकुण्ठमा एकादशी ब्रत बस्नको लागि बैकुण्ठका विद्याधार ी पृथ्वीलोक आइ विजयपुरका र जा रुकमांगदको बगैंचामा फूल टिप्न आउँदा राजपुरोहितको तन्त्रमा परी विमान नचल्ने र पछि राजाले एकादशि ब्रत बसेका मानिसको खोजि गर्दा कोही नभेटी धेरै दिनदेखि भोकैरहेका नन्दवंशीहरूलाई ब्रत बसाली विद्याधरीको उदार गर्ने र उसैको उपदेश अनुसार मन्दराचल पर्वतमा तपस्या गरी बसेका ऋषिमुनीहरूसँग ब्रत विधि ज्ञान लिइ हरेक वर्ष एकादशि ब्रत बस्ने संकल्प गरी एकादशी ब्रत बस्ने गर्दछन। यसैका प्रभावले राजालाई सन्तान फल प्राप्त हुन्छ। नृत्यको दोस्रो चरणमा रुकमांगद राजाका छोरा राजकुमारको राजा सुप्रमानन्दकी राजकुमारीसँग प्रेम भई बिहे सम्पन्न हुन्छ । पछि रुकमांगद राजाको धर्म परीक्षाको लागि विष्णुलोकबाट मोहनमाया नामको अप्सरालाई पृथ्वी लोक खटाउँछन । मोहनमायाले आफ्नो मायाजालमा पारी राजालाई एकादशी ब्रत भंग गर्ने प्रयास गर्छन र अन्तमा वचन हार गर ाउन राजालाई राजकुमारको शिर छेदन वा एकादशी ब्रत त्याग गर्न माग गर्छन्। आखिरमा राजाले र ाजकुमारको बलि दिन तयार हुन्छन् तर एकादशी ब्रत त्याग्न तयार हुँदैन । राजाले मोहनमायाको अगाडि राजकुमारको टाउको काटेर दिन्छ । आफ्नो मायाजाल असफल भएको देखेर रिसले चूर भइ मोहनमायाले जावो एकजना महिलाले भन्दैमा छोराको टाउको काटेर दिने मूर्ख राजा भनेर हार मानी विष्णुलोक पुग्छन । यी सबै विष्णुलोकमा बसेर ब्रम्हा विष्णुले हेरिरहेको हुन्छ। टाउको काटिएको राजकुमारलाई ब्युँताएर हरिविष्णुले राजपरिवारको उदार गरी स्वर्ग पुऱ्याउँछन । यसरी नाटकको अन्त्य हुन्छ।

यो नाटकमा रमाइलो पक्ष भनेको राजारानीको श्रृंगार नृत्य, राजकुमार र यक्षको युद्ध, यमदुत र विष्णुदुतको भिडन्त, पिठ देवीको नृत्य तथा ख्याक, कवं, दांगिनी नृत्य हुन भने नाटकको वियोगान्तले दर्शकहरूलाई शोकाकुल बनाउन सक्नु नाटकको उत्कृष्टता मान्न सकिन्छ । दर्शकहरूलाई नाटकको अन्तमा राजपरिवारको भावविहवल रोदन दृश्यबाट शान्त पार्न र हसाउन अन्तिममा पीठ देवी तथा दांगिनी नृत्य राखिएको छ । जसले दर्शकलाई हँसाउन सफल भएको प्रशंसनीय पक्ष हो । यो नाटक नेपालमण्डलमा मात्र होइन देशभर फैलाउन जरुरी देखिन्छ । यसमा समानुसार कथालाई परि मार्जन गरी समाजमा भएको विकृति र विसंगती हटाएर देशको भलाई हुने, आपसी मैत्रीभावको कथा प्रस्तुत गर्नु पर्ने आजको आवश्यकता हो । यो नाटकले वास्तवमा दिन खोजेको सन्देश यही हो ।

# उज्ज्वलमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम




पाँगाको शहिदपथस्थित उज्ज्वल शिशु निकेतन एकेडेमीले गत माघ २९ गते सोमवार पुरस्कार तथा वितरण तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा.शिव शरण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि पाठ्क्रम विकास केन्द्र सानोठिमीका उपनिर्देशक डा. बालकृष्ण रंजितले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो । विशेष अतिथी प्राज्ञ रामकृष्ण दुवाल, अन्य अतिथीहरूमा प्रा.डा. रामकृष्ण महर्जन, प्रा.डा.धर्मराज डंगोल, सह प्रा.शान्तवहादुर श्रेष्ठ रहनु भएको थियो ।

विद्यालयका प्रिन्सिपल दिलमान महर्जनले स्वागत मन्तव्यको साथै विद्यालयले वर्षभरिमा गरिएको विविध गतिविधि र प्रगति विवरण दिनु भएको थियो ।

विद्यालयले २५ वर्ष पुरा गरी २६ औं वर्षमा प्रवेश गर ेको छ। यस अवधिमा विद्यालयले ठूला कक्षा कोठाहरू निर्माण, पुस्तकाल, ल्याव, कम्प्युटर ल्यावको अलावा कक्षा ६ देखि कक्षा १० सम्मका कक्षाहरू लगायत लाइब्रेरी ल्याब तथा कम्प्युटर ल्यावहरूमा CCTV Camera जडान गरेको छ । विद्यालयको ग्राउन्डमा पनि ३ वटा CCTV जडान गरिएको छ । जसले गर्दा कोठामै बसी सबै गतिविधिको जानकारी लिन सकिन्छ ।

यसै वर्षभित्र Projector र TV सहितको विशेष किसिमको Audio-Visual तथा E-Libarary को स्थापना गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो। विद्यालयमा होस्टेलको क्षमताको विकास गर्ने, अहिले Play Group र Nersary लाई मात्र स्कुलद्वारा टिफिन दिइने व्यवस्था भएकोमा आगामी वर्ष LKG र UKG सम्मलाई खाजा व्यवस्था गर्ने लक्ष रहेको जानकारी दिनु भयो ।

यस विद्यालयबाट आफ्ना विद्यार्थीहरूको अहिलेसम्म १५ समूहलाई एसएलसी परीक्षामा सहभागी गराइसेकोमा २०५४, २०५७,२०६१,२०६३, २०६४, २०६७ र २०६८ मा गरी ७ पटक दक्षिणभेगीय र दक्षिण पश्चिम भेगीय टपर हुन सफल भएको छ । एसएलसी २०६८ मा ६१ जना विद्यार्थीले परीक्षा दिएकोमा ४३ जना विशिष्ट श्रेणी र १८ जना प्रथम श्रेणीमा उतीर्ण भएका थिए ।

शुभकामना मन्तव्य दिने क्रममा प्रा.डा.रामकृष्ण महर्जनले -'सक्रिय जीवनको अर्थ नबुभ्ने मानिसहरूले अतिरिक्त कृयाकलापलाई निरर्थक समय खेरफाल्ने रुपमा लिने गरेका छन । खेलकूद, कला, संस्कृति, संगित नृत्य लगायत प्रविधि बिना आजको संसार अधुरो छ । जो व्यक्तिले यसलाई बुभ्दैन उसको जीवन अधुरो हुन्छ ।' भन्नुभयो । त्यस्तै नृत्य तथा संगित प्रज्ञा प्रतिष्ठानका प्राज्ञ रामकृष्ण दुवालले असल मान्छे बन्न विद्यार्थीहरूलाई सल्लाह दिनुभयो ।

प्रमुख अतिथि डा. बालकृष्ण रंजितले विद्यार्थीहरू लाई जीवनमा सफलता पाउनको लागि मेहेनती, लगनशीलता र धैर्यवान हुन सल्लाह दिनुभयो ।

सभापतिको आशनबाट प्रा.डा. शिवशरण महर्जनले विद्यालयमा बालमैत्री वातावर णमा पठन पाठन भैरहेको जानकारी दिनु हुँदै भविष्यमा पनि यो कायम रहने जानकारी दिनुभयो । अन्तमा उपस्थित अतिथीहरू, शिक्षक/शिक्षिका अभिभावक र विद्यार्थीहरूलाई धन्यवाद दिनुभयो ।

उक्त कार्यक्रममा विभिन्न खेलकुद प्रतियोगिता, हाजिर जवाफ प्रतियोगिता लगायत विविध कार्यक्रमहरूमा विजयी सहभागीहरूलाई प्रमुख अतिथी तथा अतिथीहरूले शिल्ड, मेडल प्रदान गरिएका थिए ।

कक्षा नर्सरीदेखि कक्षा ९ सम्मका विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरि एको थियो ।

करीव ४ घण्टासम्म चलेको उक्त कार्यक्रममा अभिभावकहरूको व्यापक उपस्थिति रहेको थियो ।

**श्री न्यू राइज टेलर्स**को

शोरुम सहिद स्मारक कलेजको नयाँ भवन, नयाँ बजार मा सरेको छ ।

**प्रो. विष्णु कुमार महर्जन**

मो ९८०३४३२१९४

कीर्तिपुर सन्देश साप्ताहिकमा लेख/ रचना/ साहित्य प्रकाशनका लागि

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**

फोन नं.: ४३३३००७, ९८४१४०१०७७

**kirtipur_sandesh@live.com**

http://kirtipursandesh.blogspot.com

# एएफसी च्यालेन्ज कपको निम्ति कडा तयारी जरुरी



**नवीन महर्जन**

यही आउँदो फागुण १९ देखि २३ गतेसम्म दशरथ रङ्गशालाको फुटवल मैदानमा एएफसी च्यालेन्ज कप हुँदैछ। जसको तयारी स्वरुप गत माघमा पाकिस्तानसँग दुईओटा मैत्रीपूर्ण खेल भएको थियो। तर दुवै खेलमा नेपाल ०-१ गोलले पराजित भयो। फिफा वरीयता क्रममा पाकिस्तान नेपालभन्दा १९ स्थान तल रहेको छ। तर वास्तविक खेलमा पाकिस्तान नेपालभन्दा अगाडि रहेको पुष्टि गऱ्यो। एक समयमा सार्क राष्ट्रमा नेपाल अब्बल रहेको थियो। नेपालको चुनौती बनेको केवल भारत मात्र थियो हुँदा हुँदा माल्दीभ्स बङ्गलादेश हुँदै अहिले पाकिस्तानले समेत बाजी मारी सकेकोछ।

पाकिस्तासँगको मैत्रीपूर्ण खेललाई एएफसी च्यालेन्जको तयारीको रुपमा लिएको छ तसर्थ यो नै सम्पूर्ण होइन तर पनि कुनै पनि टिमसँग खेलिने खेललाई आधार मानेर उनीहरूको तयारीको स्तर मापन गरिन्छ जस्ले गर्दा एएफसी च्यालेन्ज कपको निम्ति नेपालले कडा तयारी गर्नु पर्ने देखिन्छ। सहिद स्मारक रेडबुल ए डिभिजन लिगको पहिलो चरणको खेल समाप्तिसँगै नेपालका लागि विदेशी प्रशिक्षक ज्याक स्टेफानोस्कीले नेपाली खेलाडीहरूलाई प्रशिक्षण दिँदै आएको छ। नेपाली टिमले पहिलो मैत्रीपूर्ण खेलभन्दा गत माघ २७ गते सम्पन्न खेलमा केही सुभारात्मक खेल खेलेको भएता पनि अन्तर्राष्ट्रिय प्रस्पर्धामा सदैव गोलको खडेरी देखिने परम्परालाई नेपाल राष्ट्रिय टिमले उक्त खेलमा पनि निरन्तरता दियो। पाकिस्तानका लागि खेलको ६५ औं मिनेटमा मुहमद मुजाहिदले गोल गरे जुन गोल निर्णायक सावित भयो।

खेलको मुल्याङ्कन गर्दा नेपालको मध्यपंक्ति र अग्रपंक्ति विचको तालमेलमा निकै कमजोर रहेको देखिन्छ। उक्त खेल अवधि भर नेपालले दुई ओटा पोल एटम गरेका थिए जस्ले गोलमा परिणत गर्न सकेन। नेपाली टिममा राष्ट्रिय लिग पछिको थकान महसुस गर्न सकिन्छ। शहिद स्मारक ए डिभीजन लीगको पहिलो चरण पश्चात क्याम्प बसेको टिमले फिट्नेस, टेक्निक र ट्याक्टिस यी तीनै ओटा चीजको खाँचो रहेको देखिन्छ। तसर्थ एएफसी च्यालेन्ज कप छनौटको लागि नेपाली टिमले कडा मिहिनेत गर्नु पर्ने देखिएको छ।

नेपाली खेलप्रेमीहरूले कप्तान सागर थापाको अन्तर्राष्ट्रिय ५० औं खेल भएकोले यो खेल अवश्य सुखद हुने अपेक्षा गरेको थियो तर त्यो हुन सकेन।

कमजोर फरवार्डको कारण यो खेल गुमेको गुनासो सागर को थियो। तसर्थ विशेष गरी प्लेमेकर र फरवार्डको समन्वयमा नै खेलको नतिजा निस्कने हो जस्ले गर्दा बाँकी रहेको समयमा यसमा सुधार गर्नु पर्ने अभिव्यक्ति दिएका थिए।

पाकिस्तान टिमका प्रशिक्षक जामिसा मिल्ड जोभिकले आफ्ना खेलाडिले गरेको प्रदर्शनमा सन्तुष्ट भएको बताएका थिए। पाकिस्तानी टिमले पहिलो खेलमा भन्दा दोस्रो खेलमा सुधार गरिएको र नेपाली राष्ट्रिय टिमलाई पराजित गरेकोमा खुशी व्यक्त गरेका थिए। नेपाली टिमको सन्दर्भमा सिनियर खेलाडिले भन्दा जुनियर खेलाडिले राम्रो प्रदर्शन गरेको प्रतिक्रिया दिएका थिए। हामी समस्त खेलप्रेमी नेपालीहरूको आशा के रहेको छ भने अवश्य पनि नेपाली टिमको कमजोरीलाई औल्याई सो कमजोरीर्लाई एएफसी च्यालेन्ज छनोट प्रतियोगिता सम्ममा प्रशिक्षक ज्यालके समाधान अवश्य गरिन्छ। सोहि आधारमा खेलाडि छनौट गर्नि सकिन्छ। यस्तै अझ एक दुई ओटा अन्तरर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेलाउन सकिए अझ राम्रो हुने अपेक्षा गर्न सकिन्छ।

## नयाँबजार क्लबको आयोजनामा आउँदो फागुण ५ गतेदेखि हुन लागेको कीर्तिपुर कप बास्केटवल प्रतियोगिताको टाई सिट

Kirtipur Cup Basketball Tournament -2069 — Round 1

| | | | | |
|---|---|---|---|---|
| 1. | 5 . 11.2069 | Sat | 9.00AM | Golden Gate Vs Nasa |
| 2. | 5.11.2069 | Sat | 11:00 AM | White House VS Gurukul |
| 3. | 5.11.2069 | Sat | 1: 00 AM | Kirtipur Vs TAC |
| 4. | 7.11.2069 | Mon | 9:00 AM | Kirtipur VS NASA |
| 5. | 7.11.2069 | Mon | 11:00 AM | TAC Vs Gurukul |
| 6. | 7.11.2069 | Mon | 1:00 PM | Golden Gate Vs White House |
| 7. | 11.11.2069 | Fri | 3:00 PM | Kirtipur Vs Gurukul |
| 8. | 12.11.2069 | Sat | 9:00 AM | Nasa Vs White House |
| 9. | 12.11.2069 | Sat | 9:00 AM | TAC Vs Golden Gate |
| 10. | 18.11.2069 | Fri | 3:00 PM | Kirtipur Vs White House |
| 11. | 19.11.2069 | Sat | 9:00 AM | Gurukul VS Golden Gate |
| 12. | 19.11.2069 | Sat | 11:00 AM | NASA VS TAC |
| 13. | 26.11.2069 | Sat | 9:00 AM | Kirtipur Vs Golden Gate |
| 14. | 26.11.2069 | Sat | 11:AM | White house Vs Tac |
| 15. | 26.11.2069 | Sat | 1:00 PM | Gurukul Vs NASA |

**नेपालभाषा बोल्न जान्ने पाठकहरूलाई नेपालभाषा लेख्न अप्ठ्यारो मानिरहेकोले व्याकरण सम्बन्धि ज्ञान हासिल गर्न चाहेकोले डा. तुयुवहादुर महर्जनद्वारा लिखित स्वाध्यायन नेपालभाषा पुस्तकबाट साभार गरी यहाँ प्रस्तुत गरिएको छ - संपादक**

### ४ विशेषण

शब्दार्थ

अःपु – सजिलो, कचि –काँचो, कां – कानो, क्वः – डढेको, क्वातु – दरो

क्वाः – तातो, खायु – तीतो, ख्वाउँ – चिसो, ख्वातु – बाक्लो, ख्वाँय – बहिरो

गं – सुकेको, गंसि – दुब्लो, ग्वःलाः – गोलो, चाकु – गुलियो, चाकुला–बाटुला

चीधं – सानो, चीब्या – साँगुरो, चीमि – गरीव, चीहाः – छोटो, चुलु – चिप्लो, च्वाउँ – चुच्चो, छसि – ताजा, भ्यातु – गह्रौं, छाः – कडा, छ्वालु – पनेलो

छ्वासु–खुकुलो, तःधं–ठूला, तप्यं– सोझो,सीधा, तब्या– फराकिलो, तःमि–धनी,

तःहा – लामो, ताकु – बाक्लो, तुयु – गोरो, थाकु – गाह्रो, थ्युथा – ठुट्ठो

नायु – नरम, न्यालु – खल्लो, पतचिं – चेप्टो, पाउँ – अमिलो, पालु – पिरो

पिचु – चिप्लो, प्युकलाः – चारपाटे, प्याः – भिजेको, फाकु – टर्रो, बासि–बासी

बुलु –धमिलो, बेक्वः – बाङ्गो, भिं – असल, भुयु – कैलो, मभिं – खराब,

म्हासु पहेंलो, ल्ह्वं मोटो, यचु सफा, याउँ हलुको, वँचु नीलो,

वाउँ-हरियो, सालु-पातलो, साः-मीठो, सियु-खैरो, हाकु- कालो, हयाउँ-रातो,

-म्ह व -गु

थ्व खिचा बांला– यो कुकुर राम्रो छ। थ्व बांलाःम्ह खिचा खः–यो राम्रो कुकुर हो।

थ्व स्वां बांला – यो फूल राम्रो छ। थ्व बांलाःगु स्वां खः –यो राम्रो फूल हो।

व क्वः हाकु – त्यो काग कालो छ। व हाकुम्ह क्वः ब्वल–त्यो कालो काग उड्यो।

व कापः हाकु – त्यो कपडा कालो छ। जित हाकुगु कापः मयो– मलाई कालो कपडा मन पर्दैन।

यहाँ **'बांलाः'** र **'हाकु'**ले खिचा (कुकुर), स्वां(फूल), क्वः (काग) र कापः (कपडा) यस्तो छ भनेर देखाइएका छन्। यी शब्दहरू वाक्यको अन्तमा आएका छन्। बांलाःम्ह, बांलाःगु, हाकुम्ह, हाकुगु उपरोक्त नाम शब्दको अगाडि आएका छन्। यसरी नाम शब्दको गुण, दोष बुझाउने विशेषण शब्द नामको अगाडि आएमा **-म्ह** अथवा **-गु** राख्नैपर्छ। अनि नामको पछाडि आएमा **-म्ह** अथवा **-गु** आउँदैन र अन्तमा क्रिया पनि आउँदैन। विशेषणमा **-म्ह** राखेपछि सजीवसँग सम्बन्धित हुन्छ र **-गु** राखेमा निर्जीवसँग सम्बन्धित हुन्छ।

बहुवचन अर्थात् धेरै भन्ने अर्थ लगाउँदा -म्ह भएको विशेषण मात्र वहुवचन गर्न मिल्छ, -गु भएको विशेषण बहुवचन गर्न मिल्दैन। यसको मतलव सजीवलाई मात्र वहुवचन गर्न मिल्छ, निर्जीवलाई मिल्दैन। त्यसैले माथिको बांलाःम्ह र हाकुम्ह-लाई -पिं राखेर बांलाःपिं (राम्राहरू) र हाकुपिं (कालाहरू) गर्न सकिन्छ।

व बुरा सित – त्यो बुढो मऱ्यो।

व बुराम्ह मनू सित – त्यो बुढो मान्छे मऱ्यो।


कुनै पनि राष्ट्रिय दैनिक पत्रपत्रिकामा वर्गीकृत तथा अन्य विज्ञापन गर्नु परेमा

**किपू बुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**



**नयाँ शो रूम खुल्यो**

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं।




**युनिक टेलर्स**

नयाँबजार, फोन ४३३१०७८



Cafe' de Kirtipur अब नयाँ व्यवस्थापनमा

Continental Food
Chinese Food
Indian Food



मासु/फोटोकपी/पानीपुरी पसल राख्न चाहनु हने महानुभावहरूले कृपया सम्पर्क राख्नु होला।

**कीर्तिपुर मार्केट कम्प्लेक्स,**

नयाँबजार भाजंगल रोड फोन नं.४३३४१०९

# Hill Town's Celebrates 2Oth Anniversary

There are many unforgettable moments which are very special. One of my best unforgettable moments was 20th Anniversary of our school, HILL TOWN. In fact it was the best moment of all us. It was held on 31st Jan, 2013, Thursday.

It was the celebration of the success of those completed years. The program was held in the school premises in presence of all the students, teachers and staffs. Firstly, the respected principal Mr. Rajan Tandukar, Vice principal Mr. Sandesh Maharjan, In-charges, school captain, house captains, teachers and students are called upon to have their respective seats. School director Mr. Ramesh Maharjan and chairman of school management committee Mr. Hirakaji Maharjan also attended as guests in the program. They all shared the happiness of the celebration and given best wishes for further progress in future. To make the program more fantastic, different dances, songs and jokes were performed by students. The students of grade LKG, UKG, 1, 2, 6, 7, 8 performed different items in the program. The school captain, and house captains also presented their views about HILL TOWN and how they feel being a hilltownian.

The biggest surprise for us was the CAKE which was very big. I have never seen such a big cake. It was cut together by some personalities who were our principal, vice principal, school director and chairperson. The cake was distributed to all the students, teachers and staffs.

HILL TOWN was established in 1993 and now it is 2013. It has completed its 20 glorious years successfully. All the students were encouraged and influenced by the teachers by their love and care, behavior and teaching. On behalf of school family, principal sir wished all the student for their bon tter future, and great success in the up coming years.

We would also like to wish for the great success and improvement of our school. Lastly, I would like to say that we are proud to be hilltownian. Thank you.

**Sudiksha Shakya**
Class 7, Koshi, Hill Town School.

# श्रीपञ्चमी मानन्धर गुथिको दोस्रो साधारण सभा

श्रीपञ्चमी मानन्धर गुथि कुतिसा कीर्तिपुर -६ को दोस्रो साधारण सभा तथा सोही गुथिका गुथियारहरूद्वारा सञ्चालित श्रीपञ्चमी वचत तथा ऋण सहकारी संस्था लिमिटेडको प्रारम्भिक साधारण सभा गत माघ २७ गते शनिवार राराहिल स्कूलको सभाकक्षमा सम्पन्न भयो ।

गुथका अध्यक्ष सिद्धिकुमार मानन्धरको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि केन्द्रिय मानन्धर गुथिका उपसभापति मोहन कृष्ण मानन्धरले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको थियो । सचिव राजेन्द्र मानन्धरले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा कीर्तिपुरका विभिन्न जातीय गुठीका प्रतिनिधिहरूले शुभकामना मन्तव्य पनि दिनु भएको थियो । जसमा रामवहादुर महर्जन-देय् गुठी, पूर्ण नापित-नापित गुठी, चक्रवहादुर देउला-देउला गुठी, उमाकृष्ण मानन्धर-मच्छेगाउँ मानन्धर गुठी, इन्द्रायणी सनाः गुठी-रविन्द्रवहादुर प्रधान, न्हुच्छे दर्शनधारी-दर्शनधारी गुठी रहेका थिए ।

उक्त अवसरमा मानन्धर गुठीका गुठीयारहरूको छोराछोरीहरू मध्ये एसएलसी-२०६८मा पास हुने उत्कृष्ट १० जना मध्ये उत्कृष्ट ३ जनालाई नगद पुरस्कारद्वारा पुरस्कृत गरिएको थियो । जसमा सुजिना मानन्धर प्रथम रु.४०००/- सरु मानन्धर दोस्रो रु.३०००/ र सुविना मानन्धर तेस्रा रु.२०००/- रहेका थिए ।

# जिप्रकाको पहलमा पाँगा दोवाटोस्थित चन्द्रोदय फर्मामा शिलबन्दी

पाँगादोवाटोवाट भागंगल जाने रोडमा कीर्तिपुर मार्केट अगादि रहेको आयुर्वेदिक औषधि पसल चन्द्रोदय फर्मामा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले शिलबन्दी गरेको छ ।

गत माघ २५ गते विहिवार जिल्ला प्रशासन कार्यालय काठमाण्डौंका सहायक प्रमुख जिल्ला अधिकारी शम्भु प्रसाद मरासिनीको नेतृत्वमा आयुर्वेदिक विभाग, औषधी व्यवस्था विभाग र महानगरीय प्रहरी प्रभाग कीर्तिपुरका इन्स्पेक्टर ज्ञानकुमार महत्तोको अनुगमन टोलीले उक्त औषधी पसलमा छापा मारेको थियो ।

आजकाल औषधि पसलहरूमा म्याद नाघेको, डाक्टरको प्रेशिकृप्सन विना नै औषधी बेच्ने गरेको भन्ने व्यापक गुनासो आएपछि अनुगमन टोली खटाइएको हो । सो टोलीले चन्द्रोदय फर्मामा ताला लगाई शिलबन्दी समेत गरि उक्त फार्मका संचालक भूमिराज विष्टलाई गिरिफ्तार गरेको थियो । उहाँलाई एक रात प्रहरी प्रभाग हनुमानढोकामा थुनेर २६ गते प्रमुख जिल्ला अधिकारीकोमा बयान दिन लगाई फागुन ६ गते हाजिर हुने गरी सामान्य तारिखमा छादिएको जानकारी प्राप्त भएको छ । चन्द्रोदय फर्मका संचालक भूमिराज विष्टलाई तारिखमा छादिएको भए पनि पसलमा लगाइएको शिलबन्दी भने तोडिएको छैन ।



# ने. रे. सो. कीर्तिपुरको छलफल कार्यक्रम

विगत केही महिनादेखि नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाले नेपाल रेडक्रस सोसाइटी रक्त संचार केन्द्रको सहकार्यमा कीर्तिपुरको ढल्पास्थित कार्यालयमा रक्त संकलन केन्द्र खोलेको थियो ।

तर उक्त राम्ररी संचालन हुन नसकिरहेको अवस्थामा नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाले गत माघ २७ गते शनिवार कीर्तिपुर पार्टी प्यालेसमा छलफल कार्यक्रमको आयोजना गरियो ।

उपशाखा सभापति हर्षमान महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा राजेन्द्र बानियाँ उपसभापतिले स्वागत मन्तव्य दिनुभएको थियो ।

कार्यवाहक सचिव कविन्द्र कार्कीले उपशाखाको गतिविधिहरूको सम्बन्धमा सामान्य जानकारी दिनु भएको थियो ।

रक्त संकलन केन्द्र र यसका गतिविधिहरूको सम्बन्धमा वरिष्ठ प्राविधिक अधिकृत रक्त सञ्चार केन्द्र अनिल महर्जनले जानकारी दिनुभयो ।

त्यसपछि कीर्तिपुरमा रक्त संकलन केन्द्र सञ्चालन र सो सम्बन्धी समूहगत छलफल भयो । उक्त छलफलको सहजकर्ता सल्लाहकार आकर्षण प्रधान हुनुहुन्थ्यो ।

# को थिए थारु समुदायमा देशबन्ध्या गुरुवा ?

– सन्तोष दहित

देशबन्ध्या गुरुवा भन्ने शब्द अहिले सुन्दा जो कोहीलाई पनि यो के शब्द होला भन्ने सोध्न मन लाग्छ । यो भनेको के होला भन्ने सबैको लागि खुल्दुलीको विषय पनि बन्न सक्छ । यो देशबन्ध्या गुरुवा भन्ने शब्द थारु भाषामा भनिन्छ । यो धेरै पुरानो शब्द पनि होइन । यो अहिले पनि थारु समुदाय रहेको गाउँमा जाने हो भने जतातत्तै सुन्न पाइन्छ ।

थारु समुदायमा केही वर्षअगाडि आफ्नो गाउँ टोल हुँदै गाविसदेखि पल्लो गाविससम्मको प्रगन्नाको रेखदेख गरिनुका साथै पूजापाठ गर्ने, गराउनेको नेतृत्व गर्दै आएका व्यक्तिलाई देशबन्ध्या गुरुवा भनिन्छ । देशबन्ध्या गुरुवा शब्दलाई अर्को शब्दमा गुर्वाबा पनि भनिन्छ । तर हिजोआज देशबन्ध्या गुरुवा बनाउने चलन छाडेपछि देशबन्ध्या गुरुवाहरू हराउँदै गएका छन ।

देशबन्ध्या गुरुवा तान्त्रिक मन्त्रका ज्ञाता मानिन्छ । यो देशबन्ध्या गुरुवाहरू भएको सम्बन्धमा सानो किंवदन्ती रहेको छ । थारु अगुवाहरूको भनाई अनुसार प्राचीनकालमा धनपत नाम भन्ने एकजना थारु जातिका व्यक्ति देशबन्ध्या गुरुवा थिए । तिनका चार छोराहरू थिए । तिनकै चार सन्तानलाई दाङ जिल्लामा देशबन्ध्या गुरुवाको जिम्मेवारी दिएको थियो । त्यतिबेलादेखि थारु जातिका दहित, पछ्लडङ्ग्या, जिनगुनी र डेमनडौराका थर छुट्याइएको थियो । त्यही थरका थारु जातिहरूलाई यसको नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो । त्यसको नेतृत्व पाएपछि उनीहरूलाई आफ्नो कार्यक्षेत्रमा पठाएको थियो । ती चार देशबन्ध्या गुरुवालाई काम गर्न सजिलो बनाउनको लागि क्षेत्राधिकारको बाँडफाँड गरिएको थियो । त्यतिबेला दाङमा चार प्रगन्ना विभाजन गरिएको थियो । जसअनुसार अग्ला प्रगन्न, पश्चला प्रगन्न, पातु प्रगन्न र पछ्ला प्रगन्न गरी चार भागमा विभाजन गरिएको थियो । अग्ला प्रगन्न घोराहीदेखि पूर्व देउखुरीसम्मको प्रगन्न मद्वा देवता मान्ने जिनगुनी थरका व्यक्तिले नेतृत्व गर्दै आएका थिए भने पश्चला प्रगन्न तथा छिल्ली प्रगन्नाको नेतृत्व भेठवा देवता मान्ने दहित थरका जातिले नेतृत्व गर्दै आएका थिए । त्यसैगरी पातु प्रगन्ना तथा पछ्ला प्रगन्नाको जगनथ्या देवता मान्ने पछ्लडङ्ग्या जातका थारु जातिले नेतृत्व गर्दै आएका थिए । त्यसैगरी बाँकी ठाउँमा छुटेको गाउँठाउँका डेमनडौरा जातिका थारुले रेखदेख गर्दै आएका थिए । देशबन्ध्या गुरुवाहरूको काम गाउँ(गाउँमा मारकाट, हिंसा अन्त्य गर्नुको साथै दिगो शान्ति स्थापना गर्न ठूलो भूमिका रहन्छ । त्यस्तै, गाउँमा जो कोही विरामी परे उनीहरूलाई गुरुवामार्फत तन्त्रमन्त्रले निको बनाउने कार्य पनि गर्दै आएको पाइन्छ । त्यसैगरी बिग्रेको अन्नबाली सपार्नको लागि गुरुवाहरूले तन्त्रमन्त्रको माध्यमबाट राम्रो बनाउने गरेको पनि थारु अगुवाहरू बताउँछन् । यति ठूलो महत्वपूर्ण काम गर्दै आएका देशबन्ध्या गुरुवाहरूको विषयमा चासो नराखेकोले अहिले देशबन्ध्या गुरुवाहरू हराउँदै गएको छ । हरेक पूजापाठ गर्दै आएका देशबन्ध्या गुरुवाहरू नहुँदा अहिले थारु समुदायमा गरिने विभिन्न पूजापाठहरू पनि हराउँदै गएका छन । त्यतिबेला देशबन्धया गुरुवाहरू हुँदा नियमित रुपमा पूजाआजा हुने गरेकोमा अहिले भने समयमा पूजापाठ हुने त परै जाओस कुनै गाउँमा त पूजापाठ गर्नसमेत छाडेका छन । थारु जाति मात्र नभएर अरु समुदायले पनि देशबन्ध्या गुरुवाको विश्वास उतिकै गर्दै आएका थिए । थारु समुदायमा देशबन्धया गुरुवाहरूमा ठूलो शक्ति रहेको विश्वास गरिन्छ । यदि वर्षातको समयमा पानी नपरेको बखतमा देशबन्ध्या गुरुवाहरुले पूजापाठ गरेपछि पानीसमेत पर्ने गरेको थारु अगुवाहरु बताउँछन । त्यसैगरी देशबन्ध्या गुरुवाहरुमा ठूलो तन्त्रमन्त्र भएकोले पनि देवताहरुलाई समेत नजर बन्द गरिदिने अर्थात् देवतालाई उठबस गराइदिने समेत गराउँछन भनिन्छ । अहिले पनि देवता(भूत) लाई थुन्ने गर्छन् । पूजाआजा गर्ने बेला देवता (भूत)लाई फलामको किलाकाँटी ठोकेर तन्त्रमन्त्रको माध्यमबाट थुन्ने गरेको पाइन्छ । देवताहरु जब गाउँमा बिगबिगी मच्चाउँछन, त्यतिबेला देशबन्ध्या गुरुवाहरुले थुन्ने गर्दछन् । यसैगरी विभिन्न पूजाको माध्यमबाट गाउँमा शान्ति ल्याउने र गाउँको अन्नबालीमा रोग व्यथा नलागोस् भनेर पूजाको माध्यमबाट रोगब्याधी हटाउने प्रयास देशवन्ध्या गुरुवाहरूले गर्दछन ।

त्यतिबेला गाउँमा मान्छे बिरामी परेपछि उपचार गर्ने न स्वास्थ्यचौकी थियो न त अस्पताल । विरामीको उपचारसमेत देशबन्ध्या गुरुवाहरुले गर्दथे । जति मान्छे बिरामी हुन्थे त्यतिबेला देशबन्ध्या गुरुवाको खोजी हुन्थ्यो । त्यसैगरि थारु जातिका मानिस सबै कृषिमा निर्भर रहेकाले त्यतिबेला पनि धान खेतीदेखि तोरी हिउँदे बालीमा रोग लागेपछि औषधी पाइन्थ्यो । त्यसमा लागेको रोगलाई हटाउन पनि थारु समुदायमा त्यही देशबन्ध्या गुरुवाको माध्यमबाट पूजापाठ गरिन्थ्यो । यसरी रोग व्याधी हटाउन र गाउँमा दिगो शान्ति स्थापना गर्नमा देशबन्ध्या गुरुवाहरुको ठूलो भूमिका रहेको पाइन्छ । यतिमात्र नभएर त्यतिबेला देशबन्ध्या गूरवाहरुले गाउँ(गाउँमा धेरैभन्दा धेरै गुरुवा, वैदवा पनि उत्पादन गर्ने गरेका थिए । अहिले देशबन्ध्या गुरुवाहरु नभएपछि गाउँ गाउँमा गुरुवाहरु समेत कमै मात्रामा पाइने गरेको पाइन्छ । त्यतिबेला थारु गाउँमा घरघरमा थारु गुरुवाहरु हुने गरेका थिए ।

नेपालभाषा साहित्य

## सहिद छिपिं

राम भक्त महर्जन 'रमझम
अमल्सि न्हूबजाः, किपू -१७

गंगालाल दशरथचन्द शुक्रराज धर्मभक्त
सपुत खः नेपाःदेया वियावन बलिदान
राणाशासन न्हंका वन सहिद छिपिं जुयाच्वन
देय् हयूपाया आम जन आन्दोलनं
गुलि सित घाःपाः अपाङ्ग हि बाः वन
वहे हिं जन शक्ति संघर्ष तच्वया वन
पूवंका हे त्वते छिमिगु म्हंगस थये अभियान
गंगालाल ......

छिमिगु लुमन्ति भ्वाताया आगमय् च्वना
क्रान्तिया श्रद्धाया स्वां अर्पण याना
अमर जुया च्वनेमा धकाः बिया कामना
थ्वहे क्रान्तिकारी अभिवादन देय् छाना
गंगालाल .....

## गजल सौरभ शाक्यया – १

छ मदयेक जीवन छ्यायेगु गथे जिं
मन मच्वन जि, सुइत धायेगु गथे जिं ।
सर्गतय् पिलि पिलि नगूत च्यानाच्वन
मतःसिइत चिकं सायेगु गथे जिं ।
सुइत गुकथं कनेगु, जिगु द्वं मखु धकाः
छ मदयेक जि जायेगु गथे जिँ ।
मिखाय् जायेक छ हे जक लुयाच्वन स्वले
छ मदयेक मतिनाय् नायेगु गथे जिं ।
च्वये सर्ग क्वये पाःता छं मस्यूगु मखु
दथुइ लाक्क भी निम्ह नाप लायेगु गथे जिं ।

हैन त ?  –निरज




# कीर्तिपुरमा दोश्रो लघु मेला हुने

लायन्स क्लब अफ काठमाडौं कीर्तिपुरले यही फागुण १२ गते शनिवारका दिन कीर्तिपुर दोश्रो लघु मेलाको आयोजना गर्ने भएको छ। उक्त कुरा गत माघ २९ गते सोमवार होटल हिलसाइड कीर्तिपुरमा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी जानकारी दिनु भएको थियो । लायन्स क्लब अफ काठमाडौं कीर्तिपुरका सभापति रविन्द्रबहादुर प्रधानले स्लाइड शो मार्फत जानकारी दिनु भएको थियो। उक्त छलफल कार्यक्रमका सहभागीहरूले उठाएका प्रश्नहरूको पनि जवाफ दिनु भएको थियो ।

स्मरणीय छ उक्त क्लबले गत वर्ष २०६८ कार्तिक २६ गते पहिलो कीर्तिपुर लघु मेलाको आयोजना गरिएको थियो । मादक पदार्थ विहिन उक्त मेलाको आयोजना उक्त मेला सफल भएको मानिएको थियो । त्यतिबेला मेलाको क्षेत्र बाघभैरवस्थान, सतको, लायकू र उमामहेश्वर क्षेत्र तोकिएको थियो भने यसपाली चीठ्, इटाछें, बाघ भैरवस्थान, सतको, लायकू र उमामहेश्वर मन्दिर क्षेत्रमा विहान १० बजेदेखि साँझ ६ बजेसम्म हुने जनाइएको छ। उक्त मेलामा नेवाः खानाको स्टल राख्न सम्बन्धित टोलका महिला समूहहरूलाई दिइने छ। टोल टोलका बाजा समूहले आफ्नो मौलिक बाजा गाजाका साथ प्रस्तुत हुने छ। उक्त मेलामा मदिरा तथा प्लाष्टिकलाई निषेध गरिएको छ।

**कीर्तिपुरमा पहिलो पटक**

१५ मिनेटमा आराम १० दिनमा युरिक एसिड लगायत शरीरको सम्पूर्ण दुखाई निको पार्ने।
दुब्लो-पातलो कमजोर शरीरको मोटापना बढाउन मोटो शरीरको तौल घटाउन
अनुहारको चायाँ/पोतो, डण्डीफोर, चाउरीपना, मुसा तथा गर्भावस्था पछिको पेतको सेतो दाग हटाउन।
महिलाको स्तनको आकार ३ इञ्चसम्म आकर्षक तरिकाले बढाउने।
के तपाई पाईल्सबाट पीडित हुनुहुन्छ ? जस्तोसुकै पाईल्स अब १ महिनामै गायब।

फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
फोन नं. ४३३६७०१, ९८०३५०२२५९
*नोटः यो विज्ञापन कटिङ्ग लिएर आउनेलाई १० प्रतिशत छुटको व्यवस्था छ।*

# वाद र विवाद



**व्यंग सन्देश**
रत्न कुमार महर्जन

नेपालमा 'वाद' र 'विवाद' प्रतिस्पर्धा छ जसका कारण नेपालीहरु पनि वादविवादमा फसेको छ । यहाँ मार्क्सवाद, लेनिनवाद, माओवाद, जनताको बहुदलीय जनवाद, समाजवाद, पूँजीवाद, साम्यवाद जस्ता राजनीतिक दर्शनहरु व्याप्त छन् र नेपालका राजनीतिक दलहरु पनि ती वादकै आधारमा राजनीति गरिरहेका छन् ।

कुनै दलहरुले मार्क्सवाद, लेनिनवाद र माओवादलाई अङ्गिकार गरिरहेका छन् त कुनै दलले मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्ग निर्देशक सिद्धान्त बनाएका छन् कसैले जननेता वि.पि. को समाजवादलाई आफनो सिद्धान्त बनाएका छन्। आजभोलि ती वादहरु र सिद्धान्तको कुनै विवाद छैन मात्र प्रधानमन्त्री को बन्ने भन्नेमा विवाद छ । सरकार कसले चलाउने भन्नेमा विवाद छ । नयाँ नेपाल यसरी बनाउँ भन्ने विवाद छैन । नयाँ संविधान कसरी बनाउँ भन्नेमा विवाद छैन। मात्र के मा विवाद छ भने कसको सरकारमा को जाने वा को नजाने भन्नेमा विवाद छ र निर्वाचनमा कसरी आफु जित्ने भन्नेमा चिन्तामा छ।

आखिर यहाँ मार्क्सवाद के हो यो नेपालको सन्दर्भमा कसरी लागु हुन्छ ? लेनिनवाद भनेको के हो ? लेनिनवाद कहाँ कहाँ लागु भएको छ ? माओवाद के हो ? माओवाद किन भयो ? नेपालमा माओले भनेको विचारहरु कुनकुन लागु भएको छ ? या माओका विचारलाई साच्चै लागु गरेका छन् या दुरुपयोग गरेका छन् ? नेपालमा क्रियाशिल दलहका कार्यकर्ताहरुले वादहरु कतिको बुझेका छन् र व्यवहारमा लागु गरेका छन् त ? प्रश्न धेरै छन्।

आखिर दुईचार जना नेताहरुले जतिसुकै वाद लागु गर्न खोजेमा पनि नेपाली जनताले ती वादहरु बारे कुनै चासो दिएका छैनन् । मात्र के हो भने कुन दलमा बसेर के भयो ? दलले कति सहयोग गऱ्यो ? कुन दलका कार्यकताहरुले बढी जागीर खाए या कुन दलले जनतालाई कति दुःख दिए भन्ने आधारमा मात्र दलहरुको मुल्याङकन गरेको पाइन्छन् । वाद आफैमा नराम्रो छैन सिद्धान्त आफैमा नराम्रो होइन तर वाद र सिद्धान्त एकातिर व्यवहार अर्कोतिर हुँदा नेपाली जनताले धेरै दुःख पाएका छन् ।

नेपाली राजनीतिमा कम्युनिष्टहरुले मार्क्सवाद, लेनिनवाद, माओवाद, माओ विचारधारा, लगायत विश्वमा कम्युनिष्ट भइ गरेका प्रगतिहरुलाई आफनो हतियार मानेका छन्। तर कम्युनिष्ट मन नपर्ने विकसित पूजीवादी देशहरु जसरी पनि आफनो विस्तारवाद र साम्राज्यवाद लागु गर्न चाहन्छन् । विश्वमा पूँजीको आधारमा आफनो प्रभुत्व लाद्न चाहन्छन्। सन्दर्भ जोडौ अब एकिकृत माओवादीको सातौ महाधिवेशन र सशस्त्र युद्धको विर्सजन र एमालेकरण कुरासँग ।

अवदेखि उसको नजरमा नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशबाट पार भइ पूँजीवादको विकास गर्न कार्यकर्तालाई उत्पादनमा लगाउने, भारतिय विस्तारवादको ठाउँमा भारतिय मित्रवादको संज्ञा दिनु ।

अमेरिकन साम्राज्यवादको ठाउँमा अमेरिकन पूँजीवादलाई सहर्ष स्वीकार्नुले अब एमाओवादी पनि भारत र अमेरिकाको पूजीसंग आफनो व्यक्तिगत र पार्टीगत पहुँच पुगेको सहजै अनुमान लगाउन सकिन्छ। त्यसैले अब वाद र विवाद केही हैन पूँजी नै सवथोक हो । आज नेपाली जनतालाई चेतना भया ।

# मच्छेगाउँकी पवित्रालाई केन्द्रीय मानन्धर संघद्वारा आर्थिक सहयोग

केन्द्रिय मानन्धर संघद्वारा मच्छेगाउँ गा.वि.स. वडा नं.४ का पवित्रा मानन्धरलाई आर्थिक सहयोग प्रदान गरिएको छ।

लामो समयदेखि विरामी हुनु भएका मच्छेगाउँकी पवित्रा मानन्धरले पैसाको अभावमा औषधोपचार गर्न नसकेर केन्द्रिय मानन्धर संघमा सहयोगको अपील गर्नु भएको थियो।

उक्त अपिलपछि केन्द्रिय मानन्धर संघले विभिन्न संघ संस्था र व्यक्तिहरूमा पवित्रा मानन्धरलाई सहयोग गर्न अपील गरियो। जुन अपीलको आधारमा प्राप्त भएको सहयोग रकम केन्द्रिय मानन्धर संघका सह सचिव/संयोजक स्वास्थ्य उप समिति गजेन्द्र मानन्धर र उपसभापति मोहन कृष्ण मानन्धरले संकलीत रकम गत माघ २७ गते कुमार कृष्ण मानन्धर अध्यक्ष मच्छेगाउँ मानन्धर गुठीको समुपस्थितिमा रु.१,७९,५४३/-को चेक हस्तान्तरण गरिएको थियो। सहयोग गर्नु हुने प्रमुख संघ संस्थाहरूमा चस्वांद्व मानन्धर गुथि, चसाद्व रु.३०,४५०/, भिन्द्यो गुथि, कालीमाटी रु.२८,३७०/-, चामुण्डा मानन्धर गुथि, वतु रु.१३,४५५/, श्रीपञ्चमी गुथि, किपू रु.१२,७००/-, पाक्वः पुखुयां मानन्धर सनाःखलः, पाक्वः रु. १०,०००/-, केन्द्रिय मानन्धर संघ स्वास्थोपचार कोष रु.१०,०००/-, फयख्वा मानन्धर गुथि, र ामकोट रु.८,३९०/-, आकाश भैरव टुकुचा गुथि, गैरीधारा रु.५,०००/-, धालासिक्वः मानन्धर गुथि, धालासिक्वः रु.५,०००/-, ल्यायम्ह पुचः दैसा, दैसाः रु.५,०००/-, न्याःमःणी फेदी मानन्धर गुथि, न्याःमणि फेदी रु.५,००५/- यसको अलावा विभिन्न महानुभावहरूले व्यक्तिगत रुपमा पनि सहयोग गर्नु भएको थियो।

संसारको जुनसुकै स्थानवाट पनि कीर्तिपुर सन्देश तपाई हेर्न सक्नुहुन्छ
http://kirtipursandesh.blogspot.com

# आवश्यकता ! आवश्यकता !!

कीर्तिपुरको पहिलो सामुदायिक कलेजमा अध्ययनरत ६०० जना भन्दा बढी विद्यार्थीहरूको करिव ५००० संख्यामा रहेको पुस्तक व्यवस्थित र उचित रेखदेख गर्न निम्न कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक योग्य व्यक्तिहरूले यहि फाल्गुन ४ गते शुक्रवार विहान ११: ०० बजे भित्र कलेजमा आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रहरू सहित आवेदन दिनुहुन सुचित गरिन्छ ।

पद :– लाइब्रेरियन
संख्या :– १ (एक)
योग्यता :– स्नातक उतिर्ण
ग्रहायता :– अनुभवी/कलज भु.पू. विद्यार्थी
कार्य समय :– विहानी सत्र (हाललाई)

शहीद स्मारक कलेज
नयाँबजार, कीर्तिपुर
फोन ४३३०२७९, ४३३३९३७
(म्यादनाघी आएको निवेदन उपर केही कारवाही गरिने छैन।)

## "Excellency in Education"

Ujjwal Shishu Niketan Academy (USNA ), a leading school in south-belt of Kathmandu offers

i) New admission for limited seats in **Play Group & Nursery.** Hurry Up to grab the opportunity.
ii) Applications for the post of **HOSTEL WARDEN, COPMUTER ASSISTANCE**. Sound English base and Computer Knowledge are required.
iii) Applications for the post of **Play Group & Pre-primary Teachers** for new academic session 2070. Sound English background and Montessori Training are compulsory.

(Necessary counseling and orientation are provided for newly trained but non-experience candidates)

**Contact: 4330300 / 4333529**
**Principal, USNA**